■ प्रकाश अधिकारी

# दरबार हत्याकाण्डको ऐनामा नेपाली पत्रकारिता *

मान्छेको बुद्धि-विवेक, क्षमता र सीपको मूल्याङ्कन अप्ठ्यारो अर्थात् असहज परिस्थितिमा झन् सजिलै हुने गर्दछ। भनिन्छ आफ्नो व्यवसायमा दखल भएकाहरू जतिसुकै असहज परिस्थितिमा पनि उत्कृष्ट काम गर्न सक्दछन्।

तत्कालीन राजा वीरेन्द्रसहित राजपरिवारका अन्य सदस्य र शाही नातेदारहरूको संहार मच्चाएको 'नारायणहिटी पर्व'ले नेपाली पत्रकारिताको वास्तविक अवस्था उजागर गर्न धेरै सघाएको छ। प्रजातन्त्रको पुनरोदयपछि प्रेस स्वतन्त्रताको निर्बाध उपयोग गर्न पाएको नेपाली पत्रकारिताले यो घटनापछि जसरी समाचार सम्प्रेषण गऱ्यो त्यसले सचेत पाठकले उनीहरूलाई नजिकबाट चिन्न पाएका छन्। यो घटनासँग सम्बन्धित सूचना सङ्कलन र समाचार सम्प्रेषण अलिक असहज नै थियो किनकि राजा र राजपरिवारका गतिविधिहरू पारदर्शी थिएनन्, अझै छैनन्। सम्वैधानिक राजतन्त्र मानिए पनि संविधान निर्माताहरूले राजगद्दी उत्तराधिकारसम्बन्धी व्यवस्था र राजप्रासाद सेवाका कर्मचारीको सेवा-शर्त र सुविधासम्बन्धी ऐन-नियमहरू बनाउने अधिकार राजामा नै निहित गराए। संविधानतः राजामा विशेषाधिकार नरहेको र मन्त्रीपरिषदको सिफारिशलाई अनुमोदन गर्ने औपचारिक भूमिकामा सीमित रहेको हुनाले राजदरबारका गतिविधिका सम्बन्धमा सक्रिय राजाको अधिकार खोस्ने दलहरू नै मौन रहन रुचाए।

नागरिक समाजको अत्यधिक माग हुँदाहुँदै पनि कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकासहित राज्यका अन्य अङ्गहरू पारदर्शी नहुँदा त्यो मागले राजदरबारको पर्खाल छिचोल्न नै सकेन। संविधानतः राजपरिवारका सदस्यहरूको क्रियाकलाप पारदर्शी हुनुपर्ने प्रावधान नरहेको र दरबार आफू पनि बदलिँदो परिवेशअनुसार त्यसतर्फ उन्मुख हुन नसकेकाले १९ जेठ २०५८ को घटना सम्बन्धमा सूचना सङ्कलन र समाचार सम्प्रेषण निकै चुनौतीपूर्ण थियो। त्यो घटनासँग सम्बन्धित समग्र सूचना सार्वजनिक हुन नसकेकाले त्यो कार्य अझै चुनौतीपूर्ण नै छ।

---

* यो लेख *खबर* साउन/भाद्र २०५८ मा पहिलो पटक प्रकाशित भएको हो।

'नारायणहिटी पर्व' पछिको नेपाली पत्रकारिताको अवस्थालाई विवेचना गर्दा अखबार, रेडियो, टेलिभिजन र इन्टरनेटका 'अनलाइन सर्भिस'जस्ता आमसञ्चारका उपलब्ध सबै साधनलाई समेट्नुपर्ने हुन्छ। तर राज्यनियन्त्रित *रेडियो नेपाल*बाहेक निजी वा सामुदायिक प्रयासमा खुलेका एफएम रेडियोहरूलाई समाचार सङ्कलन र सम्प्रेषण गर्ने स्वतन्त्रता छैन। टेलिभिजनमा पनि एकमात्र प्रसारण संस्थाको रूपमा राज्यनियन्त्रित *नेपाल टेलिभिजन* रहेको र यसमा कार्यक्रम उत्पादन गरी प्रसारण गर्ने निजी कम्पनीहरूलाई समाचार दिने स्वतन्त्रता छैन। साथै इन्टरनेटका अनलाइन समाचार सेवाहरूको मुख्य स्रोत अखबार नै रहेकाले अहिले पनि नेपाली पत्रकारिताको स्तरको कुरा गर्दा पत्रपत्रिकाकै योगदान अग्रस्थानमा आउँछ।

दरबार हत्याकाण्डको बारेमा *रेडियो नेपाल* र *नेपाल टेलिभिजन*ले समाचार सम्प्रेषणमा आफ्नो स्वतन्त्र अस्तित्व देखाउन सकेनन्। जुन घटना र त्यसको परिणामका बारेमा विदेशी रेडियो, टेलिभिजन र इन्टरनेट साइटहरूले चार, पाँच घण्टापछि समाचार प्रसारण गर्न थाले, त्यही घटनाको अल्पसूचना सार्वजनिक गर्न पनि *रेडियो नेपाल* र *नेपाल टेलिभिजन*ले १३/१४ घण्टा कुर्नुपर्‍यो। ढिलो भए पनि घटनासँग सम्बन्धित विस्तृत सूचनासहितको समाचार दिएको भए आफ्नो कर्तव्य निर्वाह गरेको मान्न सकिन्थ्यो। अघिल्लो दिन रातको ८:१५ बजे भएको घटनाको अल्पसूचना दिइन्छ भोलिपल्ट १०/११ बजेतिर मात्र। र, त्यो पनि अपूरो। सो घटना किन र कसरी घट्न गयो? त्यहाँ को को उपस्थित थिए? को को घाइते भए? घाइतेमध्ये कतिजना मरे? कतिजनाको अवस्था के छ? भन्ने जानकारी हाम्रा रेडियो र टेलिभिजनले दिएनन् जबकि यी दुवै संस्थालाई आफ्नो मुलुकमा भएको घटनाको आधिकारिक जानकारी दिने विश्वसनीय माध्यम बन्ने अवसर प्राप्त थियो।

सूचना प्रसारणमा अत्यधिक प्रभावशाली मानिएका रेडियो र टेलिभिजनहरूलाई सरकारले औपचारिक घोषणा नगरेकै कारणले शोकधून बजाएर समय कटाउन विवश बनाइयो। दुवै माध्यमले सूचनाका लागि आफू सबल, सक्षम र भरपर्दो भएको विश्वास जगाउन सकेनन्। यिनीहरूले सूचनाका लागि विदेशी रेडियो र टेलिभिजनकै भर पर्नुपर्ने अर्थात् परनिर्भर बन्नुपर्ने अवस्थालाई नै निरन्तरता दिन रुचाए। राजदरबारका गतिविधिमा पारदर्शीताको माग गर्नेहरूलाई सिंहदरबारले नै नपत्याएको यो गतिलो प्रमाण हो किनकि काठमाडौंमा बिहान ७:०० बजेसम्म जति सूचना सार्वजनिक भएका थिए, रेडियो र टेलिभिजनबाट सिङ्गो राष्ट्रलाई त्यसको जानकारी दिन चाहेको भए सरकारले सक्थ्यो। राजदरबार हत्या-काण्डको सन्दर्भमा होस् वा अन्य, समाचार सम्प्रेषण र विचार निर्माणका दृष्टिले अहिले पनि दैनिक, साप्ताहिक र पाक्षिक पत्रपत्रिकाहरू नै विद्युतीय माध्यमभन्दा प्रभावकारी देखिएका छन्। यसैले नारायणहिटी पर्व पछाडि, अगाडि जहिले भनेपनि नेपाली पत्रकारिता भन्नासाथ पत्रपत्रिकाकै भूमिका अग्रणी र महत्वपूर्ण देखिन आउँछ।

दैनिक, साप्ताहिक र पाक्षिक पत्रपत्रिकाको समाचार सम्प्रेषण शैली स्वभावत: पृथक पृथक हुन्छ। दैनिकहरूको क्षमता र प्रतिस्पर्धा, 'न्यूज ब्रेक'मा देखिन्छ भने साप्ताहिक पत्रिकाहरूको खोजी र विश्लेषणमा। तर अफसोच, अघिल्लो रात ८:१५ बजे राजदरबारमा भएको हत्याकाण्डको आधिकारिक जानकारी दिन नेपालका दैनिक समाचार-पत्रहरू चुके। राजा-रानी र अधिराजकुमार निराजनलाई अस्पताल पुर्‍याउनेबित्तिकै मृत घोषित गरिसकिएको थियो। तर बिडम्बना, पत्रिकाको 'मास्टहेड' माथि 'सर्वाधिक बढी बिक्ने' नारासहित प्रकाशित हुँदै आएको *कान्तिपुर*ले घटना भएको थाहा पाएर पनि छाप्ने हिम्मत गरेन। *नेपाल समाचारपत्र* र *स्पेसटाइम*ले अलिकति बचेर सूचित गराउने काम गरे। जुन स्वयंमा प्रशंसनीय छ।



दरबार हत्याकाण्डपछि *स्पेसटाइम* र *गोरखापत्र*ले नेपाली पत्रकारितामा नौला प्रयोग पनि गरिदिए- मास्टहेडमाथि समाचार शीर्षक राख्न थालनी गरेर। दैनिक पत्रिकाले रङ्गीन तस्वीर छाप्ने होडबाजी नै गरे। शवयात्राको अन्त्येष्टिदेखि काट्टो खाने संस्कृति (?) सम्ममा यो प्रतिस्पर्धा देखियो। प्रजातन्त्रोत्तर कालको १२ वर्षमा नेपालमा फोटो पत्रकारिता व्यावसायिक रूपमा फस्टाउँदै गएको यो बलियो प्रमाण पनि हो। तर यसले हाम्रा समाचारपत्रहरू समाचार छाप्नमा हैन रङ छाप्नमा प्रतिस्पर्धा गरिरहेछन् भन्नेहरूलाई नै बल प्रदान गरेको छ।

दरबार हत्याकाण्डको तथ्य केलाउन र खोतल्नमा दैनिक पत्रिकाहरूको भूमिका शून्यप्राय: देखियो। सबै पत्रिकाहरू 'कान छाम्न छाडेर कागका पछाडि दौडिन' पुगे। पत्रकारलाई 'जे कुरामा पनि जिज्ञासु हुनु' भनेर सिकाइन्छ तर दरबार हत्याकाण्डको समाचार सम्प्रेषणमा दैनिक पत्रिकाहरूमा त्यो जिज्ञासुपन देखा नै परेन। दैनिकहरू बहकिए। 'जे लुकाउन खोजिएको छ त्यो समाचार हो र जे देखाउन खोजिएको छ त्यो विज्ञापन हो' भन्ने भनाइलाई आधार मान्ने हो भने हाम्रा दैनिक पत्रिकाहरूले नारायणहिटी हत्याकाण्ड र त्यसपछि केवल विज्ञापनमात्र छापे; समाचार खोज्ने प्रयास र छाप्ने हिम्मत नै गरेनन्। त्यहाँ सम्पादकीय विभाग कमजोर, प्रकाशकीय विभाग हावी देखियो।

दरबार हत्याकाण्डपछि नेपाली पत्रकारितामा स्पष्ट अनुभूत गरिएको सत्य के हो भने साप्ताहिक पत्र-पत्रिकाहरू नहुने हो भने नेपालको पत्रकारितामा ठूलो शून्यता आउने रहेछ। सही सूचना र विश्लेषणबाट नेपाली पाठकहरू बञ्चित हुनेरहेछन् र पत्रपत्रिकाहरू केवल विज्ञापन र मनोरञ्जनका माध्यम बन्ने रहेछन्। 'दीपेन्द्रको रक्तपरीक्षणमा अल्कोहल नभेटिएको र दीपेन्द्रको कञ्चटमा अर्केले गोली प्रहार गरेको आशङ्का' बारेमा *देशान्तर*का सम्वाददाता तोया दाहालले गरेको एउटै रिपोर्टिङ्गले यो घटनालाई अर्को दिशामा मात्र मोडिदिएन, वर्षौंदेखि करोडौं लगानी गरेर करोडौं कमाएका र कमाउन खोज्ने 'कर्पोरेट जर्नलिज्म' गर्नेहरूलाई 'बिट रिपोर्टिङ्ग'को महत्व पनि दर्शाइदियो। यो घटनाका बारेमा बुझ्नका लागि 'चश्मदिद् गवाह'बाहेक अन्य वैज्ञानिक प्रमाण र आधार पनि सहायक हुन सक्दथे। त्यसतर्फ हाम्रा धेरै पत्रपत्रिकाहरूको ध्यानै पुगेन या तिनले त्यो पक्षको महत्व देखेनन्।

'नारायणहिटी-पर्व'का बारेमा तथ्य खोज्ने र केलाउने प्रयत्न कसैले गरे भने त्यो साप्ताहिक र पाक्षिक पत्रिकाबाटै भयो। तर साप्ताहिक र पाक्षिक पत्रिकाहरूको दुर्भाग्य नै भन्नुपर्दछ- यिनीहरू दुई ध्रुवमा विभक्त देखिए। एउटा

ध्रुवमा दीपेन्द्रबाटै शाही संहार मच्चाइएको हो भन्नेहरू र अर्कोमा प्रमाणहरूले पुष्टि नगरेका कारण हत्यारा अरु कोही हो भन्नेहरू। तर ध्रुवीकरणको खोजले भने दैनिकहरूलाई पनि छाडेन। तिनीहरू उद्देश्यमूलक ढङ्गबाटै लागे पनि। मानौं यो धर्मयुद्ध नै थियो र पहिलोपटक आफूले छापेभन्दा पृथक् सत्य स्थापित हुनुहुँदैन भनी पत्रपत्रिकाहरू ज्यान छोडेर लाग्नुपरेको थियो।

नेपाली पत्रकारिताले आत्मगौरव गर्ने पक्ष पनि दरबार हत्याकाण्डले उजागर गरेको छ। त्यो हो पत्रपत्रिकाले त सचेत पाठक पाएका रहेछन्। बरु त्यसका तुलनामा पत्रिकाका सम्पादकीय विभाग निरीह रहेछन्। 'गुरुकुलीय पत्रकार सम्मेलन, केही अनाडी प्रश्नहरू' (कान्तिपुर २७ जेठ), 'भतिज दीपेन्द्र, मलाई माफ गर' (कान्तिपुर कोसेली २३ असार) र 'दन्त्यकथाको आदिम देशमा फिल्म रिहर्सलको झाँकी' (कान्तिपुर ५ असार) शीर्षकका आफ्ना लेखमार्फत खगेन्द्र संग्रौलाले जेजति प्रश्न उठाउनुभयो, *कान्तिपुर*को सिङ्गो सम्पादकीय विभागले ती प्रश्न उठाउने आँटै गरेन। 'उच्चस्तरीय छानबीन समितिले उत्पन्न गरेका गम्भीर प्रश्नहरू' (दृष्टि ५ असार) अन्तर्गत शंकर पोखरेलले जेजस्ता प्रश्न उठाउनुभयो, *दृष्टि*को सम्पादकीय विभाग भित्रबाटै त्यस्तो जोखिम मोलिएन। सत्य, तथ्य उजागर गर्न सकिँदैन भने पत्रकारिता किन गर्ने? पत्रकारिता अझ विश्वसनीय बनोस्, शासक, प्रशासक वा राज्य संयन्त्रभन्दा पत्रकारिता नै विश्वसनीय हुनुपर्छ भन्नेतर्फ पो ध्यान मोडिनुपर्ने थियो, तर त्यसो भएन। यस्तो प्रवृत्तिले त स्वस्थ प्रतिस्पर्धालाई हैन, ईर्ष्यालाई मात्र प्रतिविम्बित गर्दछ।

दरबार हत्याकाण्ड प्रकरणले नेपाली पत्रकारिता शक्तिको भक्तितिर ज्यादा उन्मुख भएको पनि उजागर भएको छ। अन्यथा वीरेन्द्रको वंशनाशकै भयानक दुर्घटना हुँदा *हिमाल* जस्ता आफूलाई अति व्यावसायिक ठान्ने पत्रिकाले मुख्य पृष्ठमा ज्ञानेन्द्रको तस्वीर छाप्ने थिएन। कम्प्युटर स्केच गर्ने जनशक्ति भएका ठूला प्रकाशन गृहहरूले घाइतेहरूको अवस्थाका सम्बन्धमा मेडिकल रिपोर्टमा स्पष्ट उल्लेख गरिएपछि तिनको स्केच नछाप्नुपर्ने कारण थिएन।

राजदरबार हत्याकाण्डपछि नेपाली पत्रकारिताको सबल पक्ष पनि उजागर भएको छ। पत्रपत्रिकाहरू सामाजिक दायित्वप्रति सचेत रहेछन्। विशेष सम्पादकीय र प्रकाशकीयसमेत लेखी हाम्रा पत्रपत्रिकाहरूले आफ्ना पाठकहरूलाई सम्झाउने जिम्मेवारी कुशलतापूर्वक नै निर्वाह गरे। यति हुँदाहुँदै पनि के कुरामा सचेत हुनु जरुरी छ भने पत्रकारितामा सम्पादकीय विभागमाथि प्रकाशकीय विभाग हावी हुने अवस्था आयो भने निर्देशित पत्रकारिता चल्न सक्छ? दरबार हत्याकाण्डपछि नेपाली पत्रकारितामा त्यस्तो कालो बादल देखापरेको छ। ■